# नेपाल विद्युत प्राधिकरणको

## विज्ञप्ति

केही दिन यता विभिन्न मिडिया तथा अनलाइन पत्रिकाहरूमा बत्ती झ्याप्प झ्याप्प गइरहेको वा अघोषित लोडसेडिंग शुरू भएको, विद्युत आपूर्ति व्यवस्थापन गर्न नसकेको भनी प्रकाशित समाचारले नेपाल विद्युत प्राधिकरणको गम्भीर ध्यानकर्षण भएको छ। यस सन्दर्भमा, नेविप्राले विगत ३ वर्षअघि देखि नै लोडसेडिंग अन्त्य गरिसकेको, फेरी लोडसेडिंग गर्नुपर्ने अवस्था नआएको र देहायको अवस्थामा छोटो समयलाई विद्युत आपूर्तिमा अवरोध हुन गएको व्योहोरा आम विद्युत उपभोक्ता, मिडियाकर्मी, पत्रकार र सम्बन्धित सबैमा जानकारीका लागी अनुरोध छः

१. विद्युतका उपभोक्ताहरूको माँग (Demand) भन्दा आपूर्ति (Supply) कम भएको अवस्थामा मात्र लोडसेडिंग गर्नुपर्ने बाध्यता रहन्छ। हाल नेपालको विद्युत प्रणालीमा प्राधिकरणको आन्तरीक उत्पादन, निजी क्षेत्र (IPP) को उत्पादन र नपुग हुँदा भारतबाट आयात गरी विद्युत माँग बराबर नै आपूर्ति गरिराखेको कारणले लोडसेडिंग नभएको र भविष्यमा पनि गरिने अवस्था छैन। राष्ट्रिय विद्युत प्रणाली (System) मा भारवहन क्षमता भन्दा बढी विद्युत प्रवाह हुँदा केही समय विद्युत प्रसारण तथा आपूर्तिमा भएको अवरोध लोडसेडिंग हैन। तथापी त्यस्तो अवरोध न्यूनीकरण र निराकरण गर्न प्राधिकरण सक्षम छ र सदैव प्रयासरत छ।

२. विभिन्न कारणले विद्युतका पोलहरू सार्न, ट्रान्सफर्मर प्रतिस्थापन गर्न, वितरण प्रणालीका पुराना संरचनाहरू मर्मत संभार तथा बदली गर्ने जस्ता प्रिभेन्टिभ (निरोधात्मक) साथै संचालन र विद्युत प्रवाह भैरहेका संरचनाहरूमा आउने प्राकृतिक वा आकस्मिक समस्याहरूको समाधानार्थ समेत केही समय सम्बन्धित स्थानको विद्युत आपूर्ति काटेर तत्कालै मर्मत संभार गरी विद्युत आपूर्ति सूचारु गर्ने गरिएको छ।

३. २०७७।०९।१३ र १४ गते राष्ट्रिय विद्युत प्रणालीमा केही समय आएको अवरोध (Interruption) सो प्रणालीमा आएको प्राविधिक समस्याले हो। जुन समस्या तत्पश्चात भारप्रेषण केन्द्र र ग्रीड संचालन विभाग मार्फत निराकरण गरिसकिएको छ।

विश्वव्यापी फैलिएको कोरोना भाइरस संक्रमणको महामारीको समयमा पनि विद्युतका समस्त उपभोक्ता वर्गमा गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन नेविप्राका कर्मचारीहरू अहोरात्र खटिई सेवारत रहेको हुँदा कुनैपनि प्रकारको लोडसेडिंग नहुने व्योहोरा समेत आश्वस्त तुल्याउँछौं।

...................

मदन तिम्सीना

(प्रवक्ता)

मिति २०७७।०९।१६